# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मितिः- २०८२।०८।२९

## BCA कार्यक्रम अन्तर्गत चौथो (२०२३) र सातौं (२०२१) सेमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Bachelor in Computer Applications (BCA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष (२०२३) र (२०२१) को क्रमशः चौथो र सातौ सेमेष्टरका नियमित तथा आंशिक परीक्षार्थीहरुको सत्रान्त परीक्षा मिति २०८२ साल माघ महिनामा संचालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई मिति २०८२ साल पौष १ गतेदेखि १५ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीहरूले आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाईन आवेदन फाराम भर्न सक्ने छन् । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरुको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८२ साल पौष १ गतेदेखि पौष १५ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८२ साल पौष २० गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर** : नियमिति परीक्षार्थीहरूले रु.२५००।- (अक्षरेपी दुई हजार पाँचसय मात्र) र आंशिक परीक्षार्थीहरूले रु.२०००।- (अक्षरेपी दुई हजार मात्र) । विद्यार्थीहरुले अनलाइन फाराम भर्ने बेलामा **e-Sewa** अथवा **Khalti** मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भईसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराम भर्दा नाम, त्रि.वि. रजिष्ट्रेशन नम्बर तथा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नु पर्ने छ । साथै Practical/Project/Internship बाँकी रहेका विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा फाराम भरेको हुनु पर्नेछ । कथमकदाचित फाराम नभरी परीक्षा दिएको पाइएमा पनि परीक्षाफल प्रकाशन गरिने छैन । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पस/कलेजमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरुपमा अनलाइन फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षाथीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (स्थानान्तरण भइ आएका विद्यार्थीहरूको हकमा प्राविधिकसँगको समन्वयमा) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले फाराम भर्ने समयावधिभित्रै आ-आफ्ना विद्यार्थीहरूलाई क्याम्पस /कलेजहरूमा सम्पर्क गर्न लगाई प्रयोगात्मक परीक्षा अनिवार्य रुपमा संचालन गरिसक्नु पर्नेछ ।


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

- सम्बन्धित क्याम्पस/कलेजले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८२ साल पौष १६ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष २१ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका नियमित शूल्कबाट परीक्षा फाराम भरेका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८२ साल पौष १७ गतेपछि र दोब्बर दस्तुर तिर फाराम भरेको सम्बन्धित विद्यार्थीले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइनमा उपलब्ध हुने प्रवेश-पत्र मार्फत प्रिन्ट गरी लिन सक्ने छन् ।

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय कीर्तिपुर

.....................
डा. चिरञ्जीवी आचार्य
सहायक डीन


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np